# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३७) काठमाडौं, चैत ३० गते २०४४ साल (अतिरिक्ताङ्क ६४

## भाग ३

श्री ५ को सरकार

### वन तथा भू-संरक्षण मन्त्रालयको

### सूचना १

पञ्चायती वन (दोस्रो संशोधन) नियमावली, २०४४

पञ्चायती वन नियमावली, २०३५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले, वन ऐन, २०१८ को दफा ३२ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरूको नाम "पञ्चायती वन (दोस्रो संशोधन) नियमावली, २०४४" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. पञ्चायती वन नियमावली, २०३५ को नियम २ मा संशोधन : पञ्चायती वन नियमावली, २०३५ (यसपछि "मूल नियमावली" भनिएको) को नियम २ को खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छ :–

"(ख) "कार्य योजना" भन्नाले गाउँ पञ्चायतले तर्जुमा गरी जिल्ला वन नियन्त्रकले स्वीकृत गरेको पञ्चायती वन कार्य योजना सम्झनुपर्छ ।"

३. मूल नियमावलीको नियम ३ मा संशोधन : मूल नियमावलीको नियम ३ को,–

(१) उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छः–

"(१) पर्ती वा पोथ्रामात्र बाँकी रहेको सरकारी वन वा त्यसको भागमा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

9869

वृक्षारोपण गरी वन जङ्गल हुर्काउनको लागि श्री ५ को सरकारले तोकिदिएबमोजिमको क्षेत्रमा पञ्चायती वन कायम गरिनेछ।"

(२) उपनियम (३) मा रहेको "उपनियम (१) मा तोकिएको हदमा नबढाई" भन्ने शब्दहरू झिकिएका छन्।

४. मूल नियमावलीको नियम ११ मा संशोधन : मूल नियमावलीको नियम ११ को खण्ड (ग) मा रहेको "वन डिभिजन कार्यालयले बनाएको" भन्ने शब्दहरू झिकिएका छन्।

५. मूल नियमावलीको नियम १२ मा संशोधन : मूल नियमावलीको नियम १२ को खण्ड (ङ) मा रहेका "स्वीकृत योजना" भन्ने शब्दहरूको सट्टा "कार्य योजना" भन्ने शब्दहरू राखिएका छन्।

६. मूल नियमावलीको नियम १८ मा संशोधन : मूल नियमावलीको नियम १८ मा रहेको "कुल आम्दानीको कम्तिमा पचास प्रतिशत" भन्ने वाक्यांशको सट्टा "आम्दानीको पूरै" भन्ने वाक्यांश राखिएको छ।

७. मूल नियमावलीमा नियम १९ क. थप : मूल नियमावलीको नियम १९ पछि देहायको नियम १९ क. थपिएको छ :—

"१९ क. पञ्चायती वन आयोजना उपभोक्ता समितिमार्फत सञ्चालन गर्ने : (१) नियम ६ बमोजिम प्रमाणपत्र प्राप्त भएपछि सम्बन्धित गाउँ पञ्चायतले विकेन्द्रीकरणसम्बन्धी प्रचलित कानूनबमोजिम उपभोक्ता समिति गठन गरी सो समितिलाई पञ्चायती वन आयोजना सञ्चालन गर्ने जिम्मा दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम गठन भएको उपभोक्ता समितिले कार्य योजना बमोजिम पञ्चायती वन आयोजना सञ्चालन गर्नु पर्नेछ।

(३) उपभोक्ता समितिले कार्य योजना अनुरूप काम नगरेमा सम्बन्धित पञ्चायतले सो उपभोक्ता समिति विघटन गरी अर्को उपभोक्ता समिति गठन गरी काम गराउन सक्नेछ।"

## सूचना २

### पञ्चायत संरक्षित वन (दोस्रो संशोधन) नियमावली, २०४४

पञ्चायत संरक्षित वन नियमावली, २०३५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

वन ऐन, २०१८ को दफा ३२ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१४६२

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरूको नाम "पञ्चायत संरक्षित वन (दोस्रो संशोधन) नियमावली, २०४४" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. पञ्चायत संरक्षित वन नियमावली, २०३५ को नियम २ मा संशोधन : पञ्चायत संरक्षित वन नियमावली, २०३५ (यसपछि "मूल नियमावली" भनिएको) को नियम २ को खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छः–

"(ग) "कार्य योजना" भन्नाले स्थानीय पञ्चायतले तर्जुमा गरी जिल्ला वन नियन्त्रकले स्वीकृत गरेको पञ्चायत संरक्षित वन कार्य योजना सम्झनुपर्छ ।"

३. मूल नियमावलीको नियम ३ मा संशोधन : मूल नियमावलीको नियम ३ को,–

(१) उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छः–

"(१) सरकारी वन वा त्यसको कुनै भागलाई संरक्षण र सुव्यवस्था गर्नको लागि श्री ५ को सरकारले तोकिदिएबमोजिमको क्षेत्रमा पञ्चायत संरक्षित वन कायम गरिनेछ ।"

(२) उपनियम (२) मा रहेको "उपनियम (१) मा तोकिएको हदमा नबढ्ने गरी" भन्ने शब्दहरू झिकिएका छन् ।

४. मूल नियमावलीको नियम ९ मा संशोधन : मूल नियमावलीको नियम ९ को खण्ड (च) मा रहेका "वन डिभिजन कार्यालयले बनाएको" भन्ने शब्दहरू झिकिएका छन् ।

५. मूल नियमावलीको नियम १० मा संशोधन : मूल नियमावलीको नियम १० को खण्ड (ङ) मा रहेको "स्वीकृत योजना" भन्ने शब्दहरूको सट्टा "कार्य योजना" भन्ने शब्दहरू राखिएका छन् ।

६. मूल नियमावलीको नियम ११ मा संशोधन : मूल नियमावलीको नियम ११ को सट्टा देहायको नियम ११ राखिएको छः–

"११. वन पैदावारको बिक्री वितरण : स्थानीय पञ्चायतले कार्य योजनाको अधीनमा रही नियम ११ क. बमोजिम निर्धारित बिक्री दरमा पञ्चायत संरक्षित वनको वन पैदावारको बिक्री वितरण गर्नु पर्नेछ ।

तर पञ्चायत संरक्षित वनको घाँस, स्याउला, दाउरा, जडीबूटी आदि सम्बन्धित आयोजनाबाट लाभान्वित हुने क्षेत्रका जनताको उपभोगका लागि स्थानीय पञ्चायतले निःशुल्क वितरण गर्न सक्नेछ ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
९४६३

७. मूल नियमावलीमा नियम ११क. थप : मूल नियमावलीको नियम ११ पछि देहायको नियम ११क. थपिएको छः–

"११क. वन पैदावार बिक्री दर निर्धारण गर्ने : (१) पञ्चायत संरक्षित वनको वन पैदावारको बिक्री दर स्थानीय पञ्चायतले निर्धारण गर्नेछ।

(२) उपनियम (१) बमोजिमको बिक्री दर प्रचलित वन पैदावार बिक्री वितरण नियमावलीमा निर्धारण भएको दरभन्दा घटी हुनु हुँदैन।"

८. मूल नियमावलीको नियम १४ मा संशोधन : मूल नियमा[illegible]को नियम १४ को सट्टा देहायको नियम १४ राखिएको छः–

"१४. पञ्चायत संरक्षित वनको वन पैदावारबाट भएको आम्दानी पञ्चायतको हुने : (१) पञ्चायत संरक्षित वनको वन पैदावारको बिक्रीबाट भएको पूरै आम्दानी स्थानीय पञ्चायतको कोषमा आम्दानी बाँधिनेछ।

(२) उपनियम (१) बमोजिम भएको आम्दानीको पूरै रकम स्थानीय पञ्चायतले पञ्चायत संरक्षित वनको संरक्षण, सम्वर्द्धन र वृक्षरोपणको लागि खर्च गर्नु पर्नेछ।"

९. मूल नियमावलीमा नियम १४क. थप : मूल नियमावलीको नियम १४ [illegible] देहायको नियम १४क. थपिएको छ।

"१४क. पञ्चायत संरक्षित वन आयोजना उपभोक्ता समिति[illegible] सञ्चालन गर्ने : (१) नियम ७ बमोजिम पञ्चायत संरक्षित वनको प्रमाणपत्र प्राप्त भएपछि स्थानीय पञ्चायतले विकेन्द्रीकरणसम्बन्धी प्रचलित कानूनबमोजिम उपभोक्ता समिति गठन गरी सो उपभोक्ता समितिलाई पञ्चायत संरक्षित वन आयोजना सञ्चालन गर्ने जिम्मा दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम गठन भएको उपभोक्ता समितिले कार्य योजनाबमोजिम पञ्चायत संरक्षित वन आयोजना सञ्चालन गर्नु पर्नेछ।

(३) उपभोक्ता समितिले कार्य योजना अनुरूप काम नगरेमा स्थानीय पञ्चायतले सो उपभोक्ता समिति विघटन गरी अर्को उपभोक्ता समिति गठन गरी काम गराउन सक्नेछ।"

१०. खारेजी : मूल नियमावलीको नियम १३ खारेज गरिएको छ।

आज्ञाले,
वीरेन्द्रनाथ खुंजेली
श्री ५ को सरकारको सचिव



श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।